आज मिति २०८१ साल जेठ ०७ गते सोमबारको दिन यस लिखु गाउँपालिकाका अध्यक्ष श्रीमान् अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निर्णयहरु गरियो।

उपस्थिती

| **क्र.सं** | **पद** | **नाम थर** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडा अध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडा अध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडा अध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडा अध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडा अध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडा अध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडा अध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ्ग | |
| १० | वडा अध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडा अध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका विश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | श्री अर्जुन कुमार राउत | |

सहायक कर्मचारीहरुः

१. श्री रसना मगर
२. श्री बलराम फुयल
३. श्री उमा शंकर चौधरी
४. श्री रवि कटुवाल
५. कर्ण बहादुर कार्की

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा।
२. लिखु अध्यक्ष कप भलिबल प्रतियोगिता, २०८० खर्च अनुमोदन/रकमान्तर सम्बन्धमा।
३. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।
४. स्वास्थ्य संस्था अनुदान सम्बन्धमा।
५. विविध समसामयिक विषय सम्बन्धमा।

**निर्णयहरु :**

**१. निर्णय नं १. प्रस्ताव नं १, उपर निर्णय :**

**प्रस्ताव नं. १** मा आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई अझ थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने सर्बसम्मत निर्णय गरियो।

२. **निर्णय नं २. प्रस्ताव नं २, उपर निर्णय** :

**प्रस्ताव नं २** माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको खेलकुद विकास समितिबाट प्राप्त लिखु अध्यक्ष कप - २०८० को प्रतिवेदनलाई देहाय बमोजिम अनुमोदन गर्न सर्वसम्मतबाट निर्णय गरियो। प्रतिवेदन यसै साथ संलग्न छ।

क) राष्ट्रपति रनिङ् शिल्ड र लिखु अध्यक्ष कप -२०८०, प्रतियोगिताको खर्च रकम रु. २५,८९,५७६/- सहितको विवरणलाई स्वीकृत गर्ने।

ख) मिति २०८०/११/३० देखि मिति २०८०/१२/०३ गते सम्म सञ्चालित लिखु अध्यक्ष कप -२०८० प्रतियोगिताको व्यवस्थापन तथा निर्देशन गर्न लिखु खेलकुद विकास समितिको बैठकको निर्णय अनुसार लिखु अध्यक्ष कप -२०८०, को लागि विनियोजित रकम अपुग भएको हुदाँ अपुग रकम रु. १६,८९,५७६/- देहाय बमोजिम बजेट शिर्षकबाट रकमान्तर गरि भुक्तानी गर्ने र थप नपुग रकम रु. ३,८९,५७६/- कन्टन्जेन्सि शिर्षकबाट व्यवस्थापन गरी भुक्तानी गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**तपसिल**

| सि.नं. | साविक कार्यक्रम तथा योजनाको नाम | रकम | शंशोधित कायम हुने योजना | रकमान्तर | कै. |
|---|---|---|---|---|---|
| १ | अपांगता , अशंक्त, तथा ज्येष्ठ नागरिकहरुलाई ल्याब सहितको घरदैलो उपचारात्मक कार्यक्रम | २,००,०००/- | अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम | २,००,०००/- | |
| २. | सेवा तथा परामर्श खर्च | ६,००,०००/- | अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम | ४,००,०००/- | |
| ३ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २,००,०००/- | अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम | १,००,०००/- | |
| ४ | विशिष्ट व्यक्ति तथा प्रतिनिधी मण्डलको भ्रमण खर्च | २,००,०००/- | अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम | २,००,०००/- | |
| ५ | सार्वजनिक सुनुवाई कार्यक्रम | ५,००,०००/- | अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम | २,००,०००/- | |
| ६ | नवप्रवेशी शिक्षकलाई टि.पि.डी. तालिम | २,००,०००/- | अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम | २,००,०००/- | |
| | **जम्मा** | **१४,००,०००/-** | **जम्मा** | **१३,००,०००/-** | |

३. **निर्णय नं ३. प्रस्ताव नं ३, उपर निर्णय** :

**प्रस्ताव नं. ३** माथि आवश्यक छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा देहाय बमोजिम निर्णयहरु सर्वसम्मत गरियो ।

क) आर्थिक वर्ष २०८०/८१ को लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत प्राप्त शसर्त बजेट बमोजिम मिति २०८०।१०।२२ गतेको गाउँ कार्यपालिकाको बैठकले आयोजना छनौट, लाभग्राही संख्या निर्धारण तथा आयोजनाको बजेट स्वीकृत गर्ने सम्बन्धमा निर्णय भइसकेकोमा युवा रोजगारीको लागि रुपान्तरण आयोजना मार्फत रोजगारी सिर्जनाको लागि थप शसर्त रकम प्राप्त भएकोले सो बजेटको समेत उपयोग बाट भालुडाँडा वडा कार्यलय सडक स्तरोन्नती आयोजना, लिखु ५ मा निर्धारित ५ जना श्रमिकलाई प्रति श्रमिक १०० दिनका दरले कुल ५०० रोजगार दिनको लागि ज्याला बापतको रकम रु.३,४०,०००/- मा रु.८७,७२०/- थप गरि श्रमिकको ज्याला बापत कुल रकम रु.४,२७,७२०/- र गाउँपालिका साझेदारीबाट निर्माण सामाग्रीको ढुवानीको लागि पूर्वानिर्धारित रकम रु. ३६,०००/- गरि जम्मा रकम रु. ४,६३,७२०/- (अक्षेरुपी चार लाख त्रिसट्ठी हजार सात सय बिस) बजेट विनियोजन गर्ने तथा विनियोजित बजेट बमोजिम नियम अनुसार ६ जना श्रमिकलाई प्रति श्रमिक १०० दिन र १ जना श्रमिकलाई २९ दिन गरि कुल ६२९ रोजगार दिन हुने गरि आयोजना कार्यान्वयन गर्न मिति २०८०/११/०६ गतेको स्थानिय निर्देशक समितिको बैठकको निर्णयलाई अनुमोदन गर्ने ।

ख) आर्थिक वर्ष २०८१/८२ को बेरोजगारको सूचिमा सूचिकृत हुन वडा कार्यलयमहरुमा संकलित बेरोजगार निवेदनहरुलाई बेरोजगार सूची निर्धारण तथा प्राथमिकताक्रम मार्गदर्शन, २०७६ बमोजिम छानबिन गरी मिति २०८०/१२/२८ गते स्थानीय निर्देशक समितिको बैठकले निर्णय गरे बमोजिम गाउँपालिका भित्र जम्मा ३६९ निवेदनहरुको बेरोजगार सूचीकृत सूचीलाई स्वीकृत गर्ने ।

४. **निर्णय नं ४. प्रस्ताव नं ४, उपर निर्णय :**

**प्रस्ताव नं ४** माथि छलफल गर्दा आर्थिक वर्ष ०८०/०८१ को स्वीकृत कार्यक्रम स्वास्थ्य संस्था सहायता शिर्षकबाट देहाय बमोजिम अनुदान प्रदान गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | अनुदान रकम रु. |
|---|---|---|
| १ | स्वास्थ्य चौकी, सिंहदेवी, लिखु – १ | ५५०००/- |
| २ | आधारभूत स्वास्थ्य केन्द्र, हुलाकचौर, लिखु -२ | ५५०००/- |
| ३ | स्वास्थ्य चौकी, नर्मदेश्वर, लिखु – १ | ५५०००/- |
| ४ | स्वास्थ्य चौकी, यसम, लिखु – ४ | ५५०००/- |
| ५ | आधारभूत स्वास्थ्य केन्द्र, हुलाकचौर, लिखु -२ | ५५०००/- |
| ६ | स्वास्थ्य चौकी, गाम्नाङटार, लिखु – ६ | ५५०००/- |
| ७ | आधारभूत स्वास्थ्य केन्द्र, साउनेचौतारा, लिखु -२ | ५५०००/- |
| ८ | स्वास्थ्य चौकी, टारकेराबारी, लिखु – ८ | ५५०००/- |
| ९ | स्वास्थ्य चौकी, पोकली, लिखु – १ | ५५०००/- |

५. **निर्णय नं ५. प्रस्ताव नं ५, उपर निर्णय** :

**प्रस्ताव नं. ५ मा** आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विचारी आहाल गा.पा. केन्द्र सडक ठेक्का मिति २०८०/०९/०२ गते आवह्वान गरिएको विचारी आहाल गा.पा. केन्द्र सडक ठेक्का (LRM/NCB/ROAD/2080/81-03) को सम्झौता भई बाकी रहेको रकमले कालोपत्रे गरेको सडकको अन्तिमबाट निरन्तर हुने गरी चेनेज थप गरी revised data sheet को आधारमा सडक कालोपत्रे कार्य गर्ने कार्यादेश दिने भनी अघिल्लो कार्यपालिकामा निर्णय भएतापनि उक्त ठेक्का सम्झौता अनुसार मात्रै कार्य गर्ने /गराउने भनी सर्वसम्मत निर्णय गरियो र आगामी कार्यपालिकाको बैठक आवश्यकतानुसार बस्ने निर्णय गरियो।